# <u>वृक्षरोपण तथा बिरुवा गोडमेल कार्यक्रम प्रतिवेदन</u>

## रोटरी क्लब अफ पोखरा क्यापिटल

## रोटरी क्लब अफ पोखरा न्यूरोड

**संयुक्त आयोजना**

***रोटरी डिस्ट्रिक्ट ३२९२ (नेपाल–भुटान)***

***"एक लाख बिरुवा रोप्ने अभियान" अन्तर्गत***

# कार्यक्रम : वृक्षरोपण तथा बिरुवा गोडमेल

कार्यक्रम स्थल :

श्री शान्ति माध्यमिक विद्यालय

जुम्लेटी, पोखरा महानगरपालिका–१६, कास्की

कार्यक्रम मिति : २०८३ श्रावण १० गते (२६ जुलाई २०२६)

कार्यक्रम समय : बिहान ८:३० बजे देखि ११:०० बजेसम्म


**प्रतिवेदन तयार गर्ने :**

**रो. देवी लाल भारती**

**कार्यक्रम संयोजक** तथा

**उपाध्यक्ष (Rotary Year 2026–2027)**

**रोटरी क्लब अफ पोखरा क्यापिटल**

**विषयसूची**

१. परिचय

२. पृष्ठभूमि

३. कार्यक्रमका उद्देश्य

४. कार्यक्रमको समय तालिका

५. कार्यक्रम सञ्चालन तथा गतिविधिहरू

६. प्रमुख सहभागीहरू

७. कार्यक्रमबाट प्राप्त उपलब्धिहरू

८. आर्थिक विवरण

९. निष्कर्ष

१०. सुझावहरू

११. धन्यवाद ज्ञापन

कार्यक्रमका केही झलकहरू

## **१. परिचय**

रोटरी इन्टरनेशनलले विश्वव्यापी रूपमा वातावरण संरक्षणलाई आफ्नो सातौँ प्राथमिकता (Area of Focus) का रूपमा अघि बढाउँदै आएको छ। सोही अभियानलाई सार्थकता प्रदान गर्न रोटरी डिस्ट्रिक्ट ३२९२ (नेपाल–भुटान) ले "एक लाख बिरुवा रोप्ने अभियान" सञ्चालन गरिरहेको छ।

यस अभियानअन्तर्गत रोटरी क्लब अफ पोखरा क्यापिटल तथा रोटरी क्लब अफ पोखरा न्यू रोडको संयुक्त आयोजनामा २०८३ श्रावण १० गते (२७ जुलाई २०२६) श्री शान्ति माध्यमिक विद्यालय, जुम्लेटी, पोखरा–१६ मा वृक्षरोपण तथा बिरुवा गोडमेल कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएको हो।

विद्यालय परिसरलाई हराभरा बनाउने, वातावरण संरक्षणमा योगदान पुर्‍याउने तथा विद्यार्थी र समुदायमा वृक्षरोपणको संस्कार विकास गर्ने उद्देश्यले आयोजना गरिएको यस कार्यक्रममा १०० भन्दा बढी बिरुवा रोपिनुका साथै अघिल्लो वर्ष रोपिएका बिरुवाको गोडमेल तथा संरक्षणसम्बन्धी कार्य सम्पन्न गरिएको थियो।

## **२. पृष्ठभूमि**

विश्वव्यापी रूपमा बढ्दो तापक्रम, वन विनाश, जैविक विविधताको ह्रास तथा जलवायु परिवर्तनका असरहरूले वातावरण संरक्षणलाई अत्यन्त महत्वपूर्ण विषय बनाएको छ। नेपालजस्तो प्राकृतिक सम्पदाले भरिपूर्ण मुलुकमा हरियाली संरक्षण र वृक्षरोपणको महत्व झन् बढ्दै गएको छ।

यसै सन्दर्भमा विद्यालय परिसरलाई हरित क्षेत्रका रूपमा विकास गर्दै विद्यार्थीहरूलाई वातावरण संरक्षणको व्यवहारिक शिक्षा प्रदान गर्ने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको हो। विद्यालय प्रशासन, स्थानीय समुदाय तथा रोटरी क्लबहरूको सहकार्यले कार्यक्रमलाई प्रभावकारी र परिणाममुखी बनाउन महत्वपूर्ण भूमिका खेलेको छ।

## **३. कार्यक्रमका उद्देश्य**

यस कार्यक्रमका मुख्य उद्देश्यहरू निम्नानुसार रहेका थिएः

- विद्यालय परिसरलाई हराभरा तथा वातावरणमैत्री बनाउने।
- वातावरण संरक्षण तथा वृक्षरोपणप्रति विद्यार्थी र समुदायमा जनचेतना अभिवृद्धि गर्ने।
- अघिल्लो वर्ष रोपिएका बिरुवाको संरक्षण तथा नियमित गोडमेल गर्ने।

- रोटरी क्लब, विद्यालय र स्थानीय समुदायबीच सहकार्य अभिवृद्धि गर्ने।
- रोटरी डिस्ट्रिक्ट ३२९२ को "एक लाख बिरुवा रोप्ने अभियान" लाई सफल बनाउन योगदान पुर्‍याउने।
- भावी पुस्तामा वातावरण संरक्षणप्रति जिम्मेवारी र स्वामित्वको भावना विकास गर्ने।

## ४. कार्यक्रमको समय तालिका

समय कार्यक्रम

बिहान ८:३० बजे कार्यक्रमको औपचारिक उद्घाटन

बिहान ९:००–११:०० बजे वृक्षरोपण, बिरुवा गोडमेल, सरसफाइ तथा संरक्षण कार्य

## ५. कार्यक्रम सञ्चालन तथा गतिविधिहरू

कार्यक्रम बिहान ८:३० बजे औपचारिक रूपमा प्रारम्भ गरिएको थियो। रोटरी क्लब अफ पोखरा क्यापिटलका अध्यक्ष रोटेरियन रमेश बरालले उपस्थित सम्पूर्ण अतिथि, रोटेरियन, विद्यालय परिवार तथा स्थानीय समुदायलाई स्वागत गर्नुभएको थियो।

कार्यक्रमका प्रमुख अतिथि असिस्टेन्ट गभर्नर रोटेरियन देवेन्द्रराज पराजुलीले वातावरण संरक्षण, वृक्षरोपणको आवश्यकता तथा रोटरीको वातावरणीय अभियानबारे प्रकाश पार्दै बिरुवा रोप्नु मात्र नभई त्यसको संरक्षण र नियमित स्याहार गर्नु नै अभियानको वास्तविक सफलता हुने धारणा व्यक्त गर्नुभयो।

रोटरी क्लब अफ पोखरा न्यू रोडका अध्यक्ष रोटेरियन राजकुमार गुरुङले संयुक्त आयोजनाले दुई क्लबबीचको सहकार्यलाई थप सुदृढ बनाएको उल्लेख गर्दै आगामी दिनमा पनि यस्ता सामाजिक तथा वातावरणीय कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

औपचारिक कार्यक्रम सम्पन्न भएपछि बिहान ९:०० बजेदेखि वृक्षरोपण कार्यक्रम सुरु गरिएको थियो। सहभागीहरूलाई विभिन्न समूहमा विभाजन गरी विद्यालय परिसरका उपयुक्त स्थानमा धुपी, सल्ला, मोरिङ्गा, कटहर, आँपलगायत विभिन्न प्रजातिका १०० भन्दा बढी बिरुवा रोपिएका थिए।

यसका साथै अघिल्लो वर्ष रोपिएका बिरुवाको गोडमेल, झारपात हटाउने, माटो थप्ने, बिरुवाको वरिपरि सरसफाइ गर्ने तथा आवश्यक संरक्षणका कार्यहरू सम्पन्न गरिएका थिए। विद्यालय परिसरको वातावरण सफा, व्यवस्थित र हराभरा बनाउन सहभागीहरूले सामूहिक श्रमदान गरेका थिए।

कार्यक्रममा रोटरी क्लब अफ पोखरा क्यापिटल र रोटरी क्लब अफ पोखरा न्यू रोडका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरूको उत्साहजनक सहभागिता रहेको थियो। साथै श्री शान्ति माध्यमिक विद्यालयका प्रधानाध्यापक, विद्यालय

व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यहरू, शिक्षक, विद्यार्थी तथा स्थानीय समुदायका प्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

कार्यक्रमको सञ्चालन रोटरी क्लब अफ पोखरा क्यापिटलका सचिव रोटेरियन किरण आचार्यले गर्नुभएको थियो भने समग्र कार्यक्रमको संयोजन क्लबका उपाध्यक्ष रोटेरियन देवी लाल भारतीले गर्नुभएको थियो।

## ६. प्रमुख सहभागीहरू

रोटरी क्लब अफ पोखरा क्यापिटल : **अध्यक्ष, रो. रमेश बराल**

रोटरी क्लब अफ पोखरा न्यू रोड **: अध्यक्ष, रो. राजकुमार गुरुङ**

प्रमुख अतिथि **: Club assign Assistant Governor रो. देवेन्द्रराज पराजुली**

विशेष उपस्थिति **: DEI, Chair (2026-27) रो. सुभाष सिग्देल**

श्री शान्ति माध्यमिक विद्यालयका प्रधानाध्यापक: **सूर्य गिरी**

रोटरी क्लब अफ पोखरा क्यापिटलका पदाधिकारी तथा सदस्यहरू

रोटरी क्लब अफ पोखरा न्यू रोडका पदाधिकारी तथा सदस्यहरू

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यहरू

शिक्षक, विद्यार्थी तथा स्थानीय समुदायका प्रतिनिधिहरू

## ७. कार्यक्रमबाट प्राप्त उपलब्धिहरू

कार्यक्रमबाट निम्न उपलब्धिहरू हासिल भएका छन्–

- विद्यालय परिसरमा १०० भन्दा बढी बिरुवा सफलतापूर्वक रोपियो।
- अघिल्लो वर्ष रोपिएका बिरुवाको गोडमेल तथा संरक्षण सम्पन्न गरियो।
- विद्यालय परिसरको हरियाली विस्तारमा उल्लेखनीय योगदान पुग्यो।
- विद्यार्थीहरूमा वातावरण संरक्षणसम्बन्धी व्यवहारिक सिकाइको अवसर सिर्जना भयो।
- स्थानीय समुदायमा वृक्षरोपण तथा हरियाली संरक्षणप्रति सकारात्मक सन्देश प्रवाह भयो।
- विद्यालय, समुदाय तथा रोटरीबीचको सहकार्य अझ सुदृढ बन्यो।
- रोटरी डिस्ट्रिक्ट ३२९२ को "एक लाख बिरुवा रोप्ने अभियान" लाई प्रभावकारी सहयोग पुग्यो।

## ८. आर्थिक विवरण

कार्यक्रम सञ्चालनका लागि आवश्यक व्यवस्थापन, सामग्री खरिद तथा अन्य विविध व्यवस्थापन खर्चका लागि कुल रु. ५,७५०/- (अक्षरेपी : पाँच हजार सात सय पचास रुपैयाँ मात्र) खर्च भएको छ। उक्त सम्पूर्ण खर्च रोटरी क्लब अफ पोखरा क्यापिटल द्वारा व्यहोरेको छ ।

| विवरण | रकम (रु.) |
|---|---|
| कार्यक्रम सञ्चालनसम्बन्धी जम्मा खर्च: | ५,७५०.०० |

## ९. निष्कर्ष

रोटरी क्लब अफ पोखरा क्यापिटल र रोटरी क्लब अफ पोखरा न्यू रोडको संयुक्त आयोजनामा सम्पन्न वृक्षरोपण तथा बिरुवा गोडमेल कार्यक्रम निर्धारित उद्देश्यअनुरूप सफलतापूर्वक सम्पन्न भएको छ।

यस कार्यक्रमले विद्यालय परिसरलाई थप हराभरा बनाउन, वातावरण संरक्षणप्रति विद्यार्थी तथा समुदायमा सकारात्मक सोच विकास गर्न तथा रोटरीको वातावरणीय अभियानलाई स्थानीय तहसम्म प्रभावकारी रूपमा विस्तार गर्न महत्वपूर्ण योगदान पुर्‍याएको छ। वृक्षरोपणसँगै बिरुवाको संरक्षण, नियमित स्याहार तथा अनुगमनमा जोड दिइएकाले कार्यक्रमको दीर्घकालीन प्रभाव अझ सकारात्मक रहने अपेक्षा गरिएको छ।

रोटरीका सदस्य, विद्यालय परिवार तथा स्थानीय समुदायबीच भएको सहकार्यले सामाजिक उत्तरदायित्व, वातावरणीय सचेतना र सामूहिक सेवाभावलाई थप सुदृढ बनाएको छ। आगामी वर्षहरूमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिँदै विद्यालय तथा समुदायमा हरित वातावरण निर्माणको अभियानलाई अझ व्यापक बनाउने प्रतिबद्धता व्यक्त गरिएको छ।

## १०. सुझावहरू

- रोपिएका बिरुवाको नियमित संरक्षण, स्याहार तथा अनुगमनको व्यवस्था गर्नुपर्ने।
- विद्यालयमा हरित समिति गठन गरी वातावरण संरक्षणका गतिविधिलाई निरन्तरता दिनुपर्ने।
- विद्यार्थीहरूलाई वातावरण संरक्षणमा सक्रिय बनाउन "एक विद्यार्थी–एक बिरुवा" अभियान सञ्चालन गर्नुपर्ने।
- रोपिएका बिरुवाको प्रजाति, स्थान र अवस्थाको अभिलेखीकरण गरी नियमित अद्यावधिक गर्नुपर्ने।
- रोटरी क्लब, विद्यालय र स्थानीय समुदायबीचको सहकार्यलाई निरन्तरता दिनुपर्ने।
- आगामी दिनमा वातावरण संरक्षण तथा वृक्षरोपणसम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने।
- वर्षायाममा योजनाबद्ध रूपमा थप वृक्षरोपण कार्यक्रम सञ्चालन गर्नुपर्ने।
- रोपिएका बिरुवाको दीर्घकालीन संरक्षणका लागि जिम्मेवारी निर्धारण गर्नुपर्ने।
- फलफूल, औषधीय तथा स्थानीय वातावरण अनुकूल प्रजातिका बिरुवालाई प्राथमिकता दिनुपर्ने।
- यस्ता सामाजिक तथा वातावरणमैत्री कार्यक्रमलाई आगामी वर्षहरूमा पनि निरन्तरता दिनुपर्ने।

## ११. धन्यवाद ज्ञापन

यस कार्यक्रमको सफलतामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुर्‍याउनुहुने असिस्टेन्ट गभर्नर रोटेरियन देवेन्द्रराज पराजुली, डिस्ट्रिक्ट अफिसियल रोटेरियन सुभाष सिग्देल, रोटरी क्लब अफ पोखरा क्यापिटल तथा रोटरी क्लब अफ पोखरा न्यू रोडका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरू, श्री शान्ति माध्यमिक विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी तथा स्थानीय समुदायप्रति आयोजक क्लबहरू हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछन्।

सबैको सक्रिय सहभागिता, सहयोग र समर्पणका कारण कार्यक्रम अत्यन्त सफल, प्रभावकारी र उपलब्धिमूलक बन्न सफल भएको हो। आगामी दिनमा पनि यस्तै सहकार्य र सेवाभावका साथ वातावरण संरक्षण तथा सामुदायिक विकासका कार्यक्रमहरू सञ्चालन गर्दै जाने प्रतिबद्धता व्यक्त गरिन्छ।

**प्रतिवेदन तयार गर्ने:**

**रो. देवी लाल भारती**

उपाध्यक्ष (Rotary Year 2026–2027)

कार्यक्रम संयोजक

रोटरी क्लब अफ पोखरा क्यापिटल

**स्वीकृत गर्ने:**

**रो. रमेश बराल**

अध्यक्ष (Rotary Year 2026–2027)

रोटरी क्लब अफ पोखरा क्यापिटल

**रो. राजकुमार गुरुङ**

अध्यक्ष (Rotary Year 2026–2027)

रोटरी क्लब अफ पोखरा न्यूरोड

## कार्यक्रमका केही झलकहरू









Rotary
District: 3292
CREATE LASTING IMPACT
Rotary Club Of Pokhara Capital
Rotary Club Of Pokhara New Road
वृक्षारोपण तथा गोडमेल कार्यक्रम
Tree Plantation & Weeding Program
26 July, 2026 (Shrawan 10, 2083)






Rotary








nepal




Rotary Club Of Pokhara Capital
Rotary Club Of Pokhara New Road
वृक्षारोपण तथा गोडमेल कार्यक्रम
Tree Plantation & Weeding Program
26 July, 2026 (Shrawan 10, 2083)










Rotary
CREATE LASTING IMPACT
Rotary Club Of Pokhara Capital
Rotary Club Of Pokhara New Road
वृक्षारोपण तथा गोडमेल कार्यक्रम
Tree Plantation & Weeding Program
26 July, 2026 (Shrawan 10, 2083)




Rotary
CREATE LASTING IMPACT
Rotary Club Of Pokhara Capital
Rotary Club Of Pokhara New Road
वृक्षारोपण तथा गोडमेल कार्यक्रम
Tree Plantation & Weeding Program







